**नेपाली / *NEPALI***

कुलाधिपति Blank: हाम्रो क्याम्पस समुदायको समर्थन

*सम्पादकको नोट: यस सन्देशको अघिल्लो संस्करणमा मानसिक स्वास्थ्य समस्याहरूको अनुभव गर्नेहरूलाई कलङ्कित पार्ने भाषा समावेश थियो।*

*UW-Madison र युनिभर्सिटी सञ्चारले (University Communications) हाम्रो समुदायको मानसिक स्वास्थ्य आवश्यकताहरूको समर्थन गर्नका साथै हाम्रो सञ्चारमा समावेशी भाषाको प्रयोग गर्न प्रतिबद्ध छ। हामी हाम्रो समुदायमा यो त्रुटिको प्रभावको लागि माफी माग्दछौँ।*

सहकर्मीहरू,

यो बितेको महिना धेरै असामान्य थियो। तपाईँहरू मध्य धेरै जस्तै, म घरबाट काम गर्दैछु, कहिलेकाहीँ साझा कुराकानीमा भिडियो वा अडियो चलाउन संघर्ष र सुरक्षित दूरीबाट छिमेकीबाट मेरा छिमेकीहरूलाई नमस्कार गर्दैछु। मैले तपाईँहरूलाई भन्नु पर्दैन कि हामी एक महान अनिश्चितता र परिवर्तनको समयमा छौँ। हामी यो कुरा हाम्रो जीवनको धेरै क्षेत्रमा महसुस गरिरहेका छौँ।

अनिश्चितताले हाम्रा सबै योजनाहरूलाई अस्थायी बनाउँदछ र यसले हाम्रो व्यक्तिगत भलाई र हाम्रो संस्थाको स्वास्थ्य दुवैलाई जोखिममा पार्दछ।

हामीले हालसालै विभिन्न निर्णयहरू र बदलहरूका विवरण साझेदारी गरेर धेरैवटा सन्देशहरू पठाएका छौँ। विवरणहरूबाट एक कदम पर हटेर हामी एक संस्थाको रूपमा कहाँ छौँ र वर्तमानको सङ्कट कहिले सम्म टिक्नेछ भन्ने अनिश्चितताको कुहिरोले ढाकेको भविष्यको बारेमा कसरी सोच्न प्रयास गरिरहेका छौँ त्यसको बारेमा सोच्न उपायोगी हुँदछ भन्ने म विश्वास राख्दछु।

म तपाईँलाई थाहा दिन चाहन्छु कि हामी तपाईँ, तपाईँको स्वास्थ्य र तपाईँले गर्नु भएको कामको महत्त्व राख्दछौँ। हामी सकेसम्म *UW-Madison* का कर्मचारीहरूलाई समर्थन गर्न जारी राख्नेछौँ।

यो हप्ता, चलिरहेको *COVID-19* को प्रकोपले *UW-Madison* लाई प्रस्तुत गरेको आर्थिक असरको बारेमा तपाईँहरूले मिडिया रिपोर्टहरू देख्नुभएको होला। सोमबार युनिभर्सिटी समितिसँगको *teleconference* मा, मैले यस चुनौतीपूर्ण समयमा युनिभर्सिटीको लागि १० करोड डलरको *($100 million)* सम्भावित लागतको रूपमा प्रारम्भिक आङ्कडा उल्लेख गरेँ जुन हामी आफ्नो कार्यहरू समायोजन गर्दा र राजस्वमा नाटकीय प्रभाव पर्दा देख्दैछौँ।

यो आङ्कडा प्रारम्भिक हो—र सम्भवतः कम हुनसक्छ -- किनकि यो हामी यस गर्मीको समयमा सामान्य क्याम्पस गतिविधिहरू पुनः सुरु गर्न सक्षम हुनेछौँ भन्ने कुरामा आधारित छ। *COVID-19* ले हाम्रो हालको संसाधनहरूमा पार्ने पुरा असर देखिन बाँकी छ। यदि हामी शरद महिनाहरूमा आमने-सामने निर्देशन फेरि सुरु गर्न असमर्थ भयौँ भने, यसले हाम्रो शरद महिनाहरूको भर्नामा उल्लेखनीय असर पार्नेछ। यस अवस्थामा, हामी धेरै ठूलो आर्थिक असरको बारेमा कुरा गर्नेछौँ।

तपाईंहरू मध्ये कोही काम गर्न सक्षम हुन नसक्नु भएको छ, किनभने तपाईं *telecommute* गर्न सक्नुहुन्न र तपाईंको कामले आवश्यक सेवाहरू समेट्दैन, वा हुनसक्छ तपाईं आफ्नो घरमा कसैको हेरचाह गर्दै हुनुहुन्छ। यदि यो सङ्कट धेरै महिनासम्म बढ्यो भने, अझ बढी कर्मचारीहरू यस स्थितिमा आउन सक्नेछन्।

बुधबार, हामीले घोषणा गऱ्यौं कि पहिलो दुई हप्ताको *COVID* सम्बन्धित बिदा आवश्यक सेवाहरू प्रदान नगर्ने कर्मचारीहरूको लागि मे १ सम्म थप गरिएको छ। तपाईंले थप बिदाका सुविधाहरू र अन्य रोजगार सम्बन्धी समस्याहरूको जानकारी युनिभर्सिटीको *COVID-19* वेबसाईटको *"कर्मचारीहरूको लागि (For Employees)"* सेक्सनमा पाउन सक्नुहुँदछ। हामीले पार्किङ्ग अनुमतिहरूको लागि *payroll* कटौती सङ्कलन गर्न पनि रोक्यौं।
थपमा, हामी शिक्षाको लागि तिर्न *UW* रोजगारमा बनाउने पैसामा निर्भर हुने हाम्रो प्रति घण्टा काम गर्ने विद्यार्थी कर्मचारीहरूको सहायता जारी राख्नेछौं – हामी अझै पनि यो कसरी गर्ने कुराको विशेष विवरणहरूमा काम गरिरहेका छौं। क्याम्पसले युनिभर्सिटी हाउजिङ्गमा प्रयोग नभएको कोठा र बोर्डका लागि पैसा फिर्ता र विद्यार्थीहरूलाई आपतकालीन आर्थिक, मानसिक स्वास्थ्य र शैक्षिक सहायता दिइरहेको छ।

यी उपायहरूले हाम्रो क्याम्पस समुदायका सदस्यहरूलाई सहयोग गर्दछ, विशेष गरी जसको काम रोकिएको छ।म हाम्रो आर्थिक स्थिति बारेमा धेरै चिन्तित भएपनि, हामीले सक्दो अस्थायी समर्थन प्रदान गर्न पनि महत्त्वपूर्ण छ।

तपाईंहरूलाई थाहा हुनसक्दछ कि *Congress* ले नियमहरूको एक श्रृंखलालाई स्वीकृति दिएको छ जसले काम गर्न नसक्नेलाई थप सुविधाहरू, विश्वव्यापी महामारीले प्रभावित विद्यार्थीहरूको लागि आपतकालीन रकम साथै देशभरिका कलेज र युनिभर्सिटीहरूको लागि केही रकम प्रदान गर्दछ। *Congress* ले उच्च शिक्षामा, विशेष गरी विद्यार्थीहरूका लागि, लक्षित संसाधनहरू समावेश गरेकोमा, हामी खुसी भएता पनि, हामीलाई थाहा छ कि *UW-Madison* ले अन्ततः प्राप्त गर्ने रकमले हाम्रो घाटा समेट्न सक्दैन; *UW-Madison* ले हाम्रो संस्थागत लागतहरू (विद्यार्थी समर्थन बाहेक) समेट्नको लागि प्रयोग गर्ने निर्देशित लगानी हाल १ करोड डलर *($10 million)* भन्दा कम रहेको अनुमान गरिएको छ।

कोरोना भाइरस विश्वव्यापी महामारीबाट *UW* प्रणाली क्याम्पसहरूमा पर्ने आर्थिक असर कम गर्न सहयोग पुऱ्याउने प्रदेशीय सहायताका सम्भाव्यताका बारेमा हामी गभर्नर, *UW* प्रणाली र विधायिका अगुवाहरूसँग कुराकानी गरिरहेका छौं। तर प्रदेशीय लगानी प्रदान गरिने छ कि छैन भन्ने थाहा पाउन अझै धेरै समय बाँकी छ। प्रदेशले पनि पक्कै यो सङ्कट बढ्दै गएपछि गम्भीर आर्थिक दबाबको सामना गर्नेछ।

म क्याम्पसमा नेतृत्व टोलीसँग लागतहरू नियन्त्रण गर्न सहयोग गर्न मिलेर काम गर्दैछु। जनस्वास्थ्य कारणहरूले गर्दा हामीले सम्भव भएसम्म *telecommuting* को उपयोग अनिवार्य बनाउने र क्याम्पसमा आवश्यक कर्मचारीहरूलाई मात्र अनुमति दिने, कार्यक्रमहरू स्थगित गर्ने र कर्मचारीहरूको यात्रा रद्द गर्ने निर्णय लिईसकेका थियौं। हामीले आंशिक काम दिलाउनमा रोक लगाएका छौं र अर्को वर्षको लागि युनिभर्सिटी युनिटहरू द्वारा गरिएको बजेट अनुरोधहरूको प्रतिक्रियामा ढिलाइ गरिरहेका छौं। हामी अब केही पुँजी निर्माण परियोजना र हाम्रो साना परियोजनाहरूको तालिका परिमार्जन गर्ने जस्ता उपायहरू खोज्दैछौं, तर समय बित्दै जाँदा खर्च सीमित गर्न हामीले अझ धेरै गर्नुपर्ने हुनसक्दछ। *COVID-19* को आर्थिक परिणामहरू अझै स्पष्ट हुँदै गएपछि, र यदि यसले विशेष रूपमा हाम्रो शरद महिनाहरूका कार्यलाई असर गर्छ भने, थप कदमहरू चाल्न अवश्य पनि आवश्यक पर्नेछ हामी तपाईंलाई थप जानकारी उपलब्ध हुना साथ अवश्य प्रदान गर्नेछौं।

जसरी हामी भविष्य तर्फ हेर्दैछौँ, निर्णयहरू लिन प्रयास गर्दैछौँ ताकि संलग्न व्यक्तिहरूसँग बदलहरू लागु गर्न पर्याप्त समय हुनेछ। गर्मीको सबै शिक्षण अन्लाईन हुने कुरा हामीले यस हप्ताको सुरुमा घोषणा गऱ्यौँ। शरद महिनाहरूमा के हुनेछ भन्ने कुरा थाहा नहुँदा, जसरी हामीले निरन्तर सङ्कटलाई कसरी सँभाल्ने भन्ने बारे सोच्दछौँ, हामीले गर्मी महिनाहरूको कुनै बिन्दुमा युनिभर्सिटी फेरि खोल्ने योजना बनाउनुपर्दछ। मलाई विश्वास गर्नुहोस्, मलाई थाहा छ कि यस किसिमको दोहोरो योजना बनाउने गाह्रो महसुस हुनसक्दछ, तर हामीले धेरै सम्भावित परिदृश्यहरूको पूर्वानुमान गर्नुपर्दछ र भविष्यजा सम्भावित खराब परिदृश्यहरूलाई कम गर्न हामीले आज के गर्नुपर्दछ भनेर सोच्नु पर्दछ।

गएका तीन हप्ताहरूले हाम्रो युनिभर्सिटी र हाम्रो समुदायलाई अभूतपूर्व चुनौतीहरू प्रस्तुत गरेका छन्। दैनिक, कहिलेकाँही प्रति घण्टाको आधारमा, युनिभर्सिटीका कर्मचारीहरूले नयाँ समस्याहरूको सामना गरिरहेका छन् जसले हाम्रो सामूहिक रचनात्मकता र दृढ सङ्कल्पको परीक्षण गरेका छन्। म विशेष रूपमा ती सबैलाई मान्यता दिन चाहन्छु जसले हाम्रो समुदायको लागि हाम्रो आवश्यक सेवाहरू चालु राखेका छन्।

म हाम्रा प्रशिक्षकहरू, सल्लाहकारहरू, र विद्यार्थी सेवा कर्मचारीहरू *virtual* वातावरणमा शिक्षा र विद्यार्थी समर्थन प्रदान गर्न सारिएको गतिको गर्व पनि गर्दछु। तर मलाई थाहा छ कि हाम्रा धेरै प्रयोगशालाहरू बन्द छन्, अनुसन्धानहरूमा ढिलाइ छ, लामो समय देखि अपेक्षित कार्यक्रमहरू रद्द गरियो, र महत्त्वपूर्ण काम पूर्ववत भयो।

यस असामान्य समयमा युनिभर्सिटीलाई सहयोग गर्न तपाईँले जारी राख्नु भएको तपाईँहरू सबैको कामका लागि म हार्दिक आभार व्यक्त गर्न चाहन्छु। जसरी हामी अगाडि बढ्दै जानेछौँ, प्रश्न र चिन्ताहरू खडा भइरहनेछन्। हामी नियमित रूपमा *COVID-19* को वेबसाईटमा नयाँ जानकारी र मार्गदर्शनको साथ अपडेट गर्दैछौँ। यदि तपाईँले केही सम्बोधन गर्नुपर्ने कुरा देख्नुभयो —वा यो नयाँ समयलाई तपाईँ वा तपाईँको युनिटले कसरी सामना गर्दैछ भन्ने कुरा बताउन चाहनु हुँदछ भने -- कृपया chancellor@wisc.edu मा टिप्पणीहरू पठाउनुहोला।

किनकि हामी एकअर्कालाई हलवेमा देख्दैनौँ वा ब्रेक रूमको कफी बनाउने भाँडाको छेउमा भेट्दैनौँ, म आशा गर्दछु कि तपाईँहरू सबै – र विशेष गरी नेतृत्व वा सुपरभाईजरको कार्यपदहरूका कर्मचारीहरू -- काम सम्बन्धित मात्र नभइ एकअर्कासँग सम्पर्कमा रहन तपाईँका सहकर्मीहरू समक्ष पुग्दै हुनुहुन्छ। हामी शारीरिक रूपमा टाढा भएकाले हामीसँग ठूलो ब्याजर समुदाय छ भनेर कुरा जान्नु महत्त्वपूर्ण छ।

कृपया सुरक्षित र स्वस्थ रहनुहोस्।

भवदीय,

Rebecca Blank
कुलाधिपति